# म्याग्दे गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

रुम्टाङ्ग, तनहुँ

गण्डकी प्रदेश, नेपाल

**विज्ञापन कर संकलन सम्वन्धी सिलवन्दी दरभाउपत्र आह्वानको सुचना**

प्रथम पटक प्रकाशित मिति २०७६/०६/१२

म्याग्दे गाउँपालिकाको आर्थिक ऐन, २०७६ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस पालिका क्षेत्र भित्र बिज्ञापन कर संकलन कार्यको ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले तपसिल बमोजिका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**दरभाउ पत्र सम्वन्धि शर्तहरु:**

१। दरभाउ पत्र फाराम २०७६/०६/२६ गतेसम्म यस कार्यालयवाट तोकिएको दस्तुर भुक्तान गरी खरिद गर्न सकिनेछ। दरभाउ पत्र फाराम खरिद गर्दा नविकरण गरिएको फर्मदर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र र आ. व. २०७४/०७५ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहितको निवेदन पेश गर्नुपर्नेछ।

२। इ विडिङ्ग मार्फत दरभाउपत्र पेश गर्नका लागि PPMO's को website http://www.bolpatra.gov.np वाट Download गर्न सकिनेछ र यस कार्यालयको लक्ष्मी वैंक लि. थर्पु शाखामा रहेको खाता नं. ग.४.१ ०७८११०००५२४ मा तोकिएको दस्तुर जम्मा गरेको वैंक भौचर पेश गर्नुपर्नेछ । E-Bidding वाट पेश भएका दरभाउ पत्रहरुमा अनिवार्य रुपमा सहिछाप गरि भरिएको दरभाउ पत्र फाराम अपलोड गर्नुपर्नेछ।

३। यस कार्यालयवाट खरिद भएका दरभाउ पत्र २०७६/०६/२७ गते दिनको १२:०० वजेसम्म यस कार्यालमा दर्ता गर्न सकिनेछ ।पेश भएका दरभाउ पत्र सोहि दिनको ०१:०० वजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको रहोवरमा खोलिनेछ ।दरभाउ पत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

४। उल्लेखित ठेक्काको ठेक्का अवधि सम्झौता मिति देखी २०७७ असार मसान्तसम्म हुनेछ ।

५। दरभाउ पत्र फाराम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग लेखि, सहिछाप गरि, कम्तिमा कवोल अङ्कको पाँच प्रतिशत रकमले हुन अउने रकम वारावरको धरौटी रकम यस कार्यालयको लक्ष्मी वैंक लिमिटेड, थर्पु शाखामा रहेको धरौटी खाता नं. ग. ३: ०७८११०००५५५ मा जम्मा गरेको सक्कल भौचर वा क

हरिराम नागिला

प्रमुख प्रशासकीय अधिकृत

वर्गको वाणिज्य वैंकले यस कार्यालयको नाममा जारी गरेको दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको निशर्त वैंक जमानत पेश गर्नुपर्दछ ।

६। दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र पेश गर्ने अन्तिम मितिमा विदा परेमा सो कार्य भोलिपल्ट सोहि समय र स्थानमा गरिने छ ।

७। ठेक्का सम्झौता गर्दा कवोल अङ्कमा १३ % मुल्य अभिवृद्धि कर र नियम अनुसार लाग्ने अन्य कर जोडी कुल सम्झौता रकम कायम गरिने छ ।

८। स्वीकृत ठेक्का अङ्कलाई दुई किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५० % र दोस्रो किस्ता ५० %, पहिलो किस्ता वापतको रकम सम्झौता अगावै दाखिला गरि वाँकी रकमको हकमा नेपाल सरकारवाट क वर्गको मान्यता प्राप्त वाणिज्य वैंकवाट २०७७ श्रावण मसान्तसम्म म्याद भएको निशर्त वैंक जमानत पेश गरेपछिमात्र सम्झौता गरिनेछ ।दोस्रो किस्ता वापतको रकम २०७६ चैत्र मसान्तसम्म भुक्तान गरिसक्नु पर्नेछ ।

९। तोकिएको किस्ता म्याद भित्र नवुझाएमा ठेक्का तोडी वाँकि रहेको किस्ता वैंक जमानतवाट असूल उपर गरिनेछ ।

१०। ठेक्का स्वीकृत भई कार्यदिश दिई सकेपछि वन्द, हडताल, चक्का जाम वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दावी गर्न पाईने छैन ।

११। विज्ञापन कर असुली सम्वन्धी ठेक्का वन्दोवस्त गरेका कारण तिर्नुपर्ने कुनैपनि कर, दस्तुर र शुल्क वुझाउने दायित्व दरभउपत्रदातामा रहने छ ।

१२। पेश भएका दरभाउ पत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालको रहनेछ ।

१३। यस सुचनामा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम र गाउँपालिकाको निर्णय वमोजिम हुनेछ ।

१४। विस्तृत जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा र कार्यालय समय भित्र फोन नं. ०६५ ४००१०८ मा सम्पर्क गर्न सकिनेछ ।

<u>ठेक्का सम्वन्धि विवरण</u>

| क. सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम कवोल अङ्क रु. (कर वाहेक) | धरौटी रकम रु. | दरभाउ पत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | आ. आ. ८–२०७६/०७७ | म्याग्दे गाउँपालिका क्षेत्रभित्र बिज्ञापन कर संकलन गर्ने कार्य । | १,४२,६००.००(एक लाख वयालिस हजार छ सय रुपैया मात्र ।) | कवोल अङ्कको कम्तीमा पाँच प्रतिशत । | १०००.००(एक हजार रुपैया मात्र ।) | |

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्, तनहुँ
गण्डकी प्रदेश, नेपाल

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत